Australian Embassy
Nepal

MEDIA RELEASE

**Australian government supports concert to #EmbraceAutism**

KATHMANDU: On 18 March 2023, the Kathmandu Metropolitan City, AutismCare Nepal Society (ACNS) and the popular Nepali rock band, 1974AD, are partnering to stage a free Concert for Autism, 5pm, Tudikhel. The concert will raise awareness and celebrate people with neuro-developmental differences. The Australian Embassy is proud to be supporting the event.

It is estimated that 300,000 children in Nepal have autism spectrum disorder (ASD). Autism affects all ethnic and socioeconomic groups. Early intervention can improve learning, communication and social skills, as well as underlying brain development.

According to Chairperson of AutismCare Nepal Society, Dr Sunita Malekhu, “Autism is rarely discussed and there is limited public knowledge of this disorder despite its prevalence in Nepal. Parents, health professionals, community stakeholders are quite unaware about child development delays and differences, leading to late diagnosis.

“It is crucial to share information on these issues, raise awareness and help our people to recognise this condition at an early age. Given timely diagnosis and treatment, people with autism can lead fairly functional lives with modest support.

“ACNS believes this concert will create history to #EmbraceAutism and ensure better recognition, understanding, acceptance, visibility and action for autism to guarantee social inclusion.”

Deputy Mayor of the Kathmandu Metropolitan City, Sunita Dangol, said that KMC has made disability inclusion a special priority and is working with different organisations to realise this. “I call everyone to participate in the special awareness campaign and Concert for Autism,” Deputy Mayor Dangol said.

Australian Ambassador to Nepal, HE Felicity Volk said the Australian Government similarly prioritises disability inclusive development. “This concert is history-making,” Ambassador Volk said, “but it is one moment in time. When concert-goers leave Tudhikhel on Saturday night, filled with the energy and passion that comes from listening to one of the world’s greatest rock bands, my hope and prayer is that they’ll use that energy to share the message #EmbraceAutism.

“And I hope they’ll find practical ways to support neuro-diverse people in the weeks, months and years to come. Because there is great beauty and strength in our uniqueness.”

The 1974AD has said, “1974AD band members #EmbraceAutism. We are very glad to be performing our Concert for Autism and hope this event will be instrumental in spreading messages about autism. Autism speaks and it is time we listen.”

Australian Embassy, PO Box 879, Bansbari, Kathmandu, NEPAL
Telephone: +977 1 437 1678 Facsimile: +977 1 437 1533
Website: www.nepal.embassy.gov.au

Australian Embassy

Nepal

प्रेस बक्तव्य

# #EmbraceAutism सांगीतिक कार्यक्रमका लागि अष्ट्रेलियाली सरकारको सहयोग

काठमाण्डौ: आगामी २०७९ चैत्र ४ गते शनिवार साँझ ५ बजे, काठमाण्डौ महानगरपालिका, अटिजम केयर नेपाल सोसाईटी र प्रख्यात नेपाली रक सांगीतिक समूह १९७४ एडीहरुले सहकार्य गरी काठमाण्डौको टुडीखेलमा एक भब्य सांगीतिक कार्यक्रमको आयोजना हुने भएको । अटिजम सम्बन्धी जनचेतना फैलाउने र मष्तिश्क विकास सम्बन्धी भिन्नता भएकाहरुको उत्सव मनाउने उद्देश्यले आयोजित उक्त कार्यक्रमलाई सहयोग गर्न पाएकोमा अष्ट्रेलियाली दुतावास गौरवान्वित छ ।

नेपालमा करिव तीन लाख बालबालिकाहरुमा अटिजम हुनसक्ने अनुमान छ । अटिजमले सबै जात-जाति र समाजिक समूहहरुमा उत्तिकै प्रभाव पारेको पाईन्छ । समयमै हस्तक्षेप गर्न सके अटिजम भएका बालबालिकाहरुको सिकाई मा सुधार ल्याउन, संचार सिपको बिकास गर्न र मष्तिश्क विकासमा समेत सकारात्मक प्रभाव पार्न सकिन्छ ।

अटिजम केयर नेपाल सोसाईटी (एसीएनएस) का अध्यक्ष डा सुनिता मलेकुका अनुसार, “नेपालमा अटिजमको फैलावट ब्यापक रहेको भए पनि हाम्रो समाजमा अटिजमबारे एकदम कम छलफल हुन्छ र समुदायमा अटिजमको बारेमा जानकारी सिमीत रहेको छ । अभिभावकहरु, स्वास्थ्यकर्मीहरु, समुदायका सरोकारवालाहरुमा पनि बालबालिकामा हुने बिकासात्मक ढिलाईहरु र भिन्नताहरुको कम जानकारी भएको कारण बालबालिकाहरुमा अटिजमको अवस्था निदान गर्न ढिलो हुनेगरेको पाईन्छ ।”

“यो विषयमा जानकारी बढाउन, जनचेतना वृद्दी गर्न र अटिजमको अवस्थालाई बालबालिकाहरुको कलिलै उमेरमा पत्ता लगाउन अत्यन्त जरुरी छ । समयमै पत्ता लागेमा र उपचार गरेमा अटिजम भएका ब्यक्तिहरुले पनि थोरै मद्दतले पनि सहज जीवन जीउन सक्ने अवस्था सृजना गर्न सकिन्छ ।”

“एसीएनएसलाई विश्वास छ कि यो सांगीतिक कार्यक्रमले अटिजमलाई आंगाल्न, यसलाई थप ध्यान दिन, बुझ्न, स्वीकार गर्न र यो अवस्था प्रतिको दृष्टि लाई अझ ब्यापक बनाउन र सामाजिक समाबेशीतालाई प्रवर्धन गर्न मद्दत गर्नेछ ।”

काठमाण्डौ महानगरपारिकाका उपमेयर सुनिता डंगोलले महानगरले अपांग समावेशीतालाई विशेष कार्यक्रमका रुपमा लिएको र यस क्षेत्रम बिभिन्न संघ संस्थाहरुसंग सहकार्य गरिरहेको बताउनुभएको छ । “सबैजनालाई उक्त सांगीतिक कार्यक्रममा सहभागी भई अटिजम बारे जनचेतना फैलाउन सहयोग गर्न आवहान गर्दछु,” उपमेयर डंगोलले भन्नुभएको छ ।.

नेपालका लागिअष्ट्रेलियाली राजदुत फेलीसिटी भोल्कले अष्ट्रेलियाली सरकार अपांग समावेशी बिकासलाई प्राथमिकाताका साथ प्रवर्धन गर्दछ भन्नुभएको छ । “यो सांगीतिक कार्यक्रम ऐतिहासिक हुने छ र यो समयक्रमको एक क्षण हुनेछ । जब कार्यक्रमका सहभागीहरु शनिबार साँझ टुडिखेलबाट घर जानेछन् तब विश्व विख्यात सांगीतिक समूह १९७४ एडीको प्रस्तुतिले उनीहरुलाई उर्जा प्रदान गर्नेछ र म आशा र प्रार्थना गर्छु सहभागीहरुले त्यो उर्जा र उत्साह अटिजमलाई अंगाल्न र यसको बारेमा सबैलाई जानकारी दिनुहुनेछ ।

“आउदो हप्ता, महिना र वर्षहरुमा उनीहरुले मष्तिश्क बिविधता भएका ब्यक्तिहरुलाई सहयोग गर्ने ब्यवहारिक उपायहरु अपनाउनुहुने छ किनभने हाम्रो बिविधतामा प्रसस्त सुन्दरता र शक्ति रहेको हुन्छ ।.”

सांगीतिक समूह १९७४ एडीले, “हामी अटिजमलाई अंगाल्छौं र अटिजमका लागि सांगीतिक कार्यक्रम गर्न पाउँदा निकै खुशी छौं, भनेको छ भने यो कार्यक्रमले अटिजमसंग सम्बन्धीत चेतना फैलाउन मद्दत गर्नेछ । अटिजमले बोलिरहेको छ र हामीले सुन्ने समय भएको छ । ” भनेको छ ।

16 March 2023 (२ चैत्र २०७९)

Press Contact: Krishna.Karki@dfat.gov.au